माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**आज मिति २०७७ साल मंसिर ३० गते यस माण्डवी गाउँपालिका कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरियो ।**

**प्रस्तावहरु**

१. वेरोजगार व्यक्तिहरुको नामावली सूचिकृत सम्बन्धमा।

२. गणेश मा.वि. ढिकावनमा शिक्षक थप सम्बन्धमा ।

३. सामाजिक परिचालकको नियुक्ति सम्बन्धमा ।

४. विद्यालय संचालन सम्बन्धमा ।

५. प्यारागलाईडिङ खोल्ने सम्बन्धमा ।

६. विज्ञापन खोल्ने सम्बन्धमा ।

७. आर्थिक सहायता वितरण सम्बन्धमा ।

८. राहत तथा उद्दार वितरण सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कुल ११४० निवेदन संकलन भएको र वेरोजगार निर्धारण तथा प्राथमिकिरण मार्गदर्शन २०७६ अनुसार रित पूर्वक ११२३ निवेदन आएको हुँदा आ.व. २०७७/०७८ का लागि ११२३ जना व्यक्तिको नामावली वेरोजगार सूचिमा सूचिकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं. २ ढिकावनमा अवस्थित श्री गणेश मा.वि. ढिकावन विद्यालयमा अंग्रेजि शिक्षकलाई तलब भत्ता खुवानका लागि समेत रकम नभएको भनि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित पेश भएकोमा उक्त विद्यालयमा शिक्षक/विध्यार्थी अनुपात समितिको अवस्थाको यर्थाथ विवरण गाउँपालिकाबाट अनुगमन गरि ल्याउने र आवश्यकता देखिएमा रकमको शुनिश्चितता गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. १ माथि छलफल गर्दा माण्डवी गाउँपालिकामा साविक देखिनै कामकाज गर्दै आईरहेका ५ जना सामाजिक परिचालकलाई श्रावण १ देखि पौष मसान्त सम्मका लागि करार नियुक्ति दिने साथै निजहरुलाई मासिक १५ हजारका दरले पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा कोभिड-१९ संक्रमणका कारण बन्द रहेका विद्यालयहरु यहि मिति २०७७ मंसिर ८ गते देखि पूर्णरुपमा संचालनमा आइरहेको सन्दर्भमा, विद्यालय संचालन गर्दा नेपाल सरकारले तोकेको सुरक्षाको मापदण्डको पालना गर्ने गरि विद्यालयले अनुकुल हुने गरि शिक्षण विधिको तय गरि नियमित रुपमा विद्यालय संचालन गर्न विद्यालय व्यवस्थापन समितिको निर्णय गरि विद्यालय संचलन कार्य अगाडी बढाउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा माण्डवी गाउँपालिकालाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्ने लक्ष्यका साथ वार्षिक नीति तथा मार्यक्रम तय गरेको सन्दर्भमा माण्डवी गाउँपालिकामा प्यारागलाईडिङको सम्भावना समेत भएकाले सोको लागि प्रारम्भिक अध्ययन अनुसन्धान गर्न आवश्यक पर्ने भएकाले विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा माण्डवी गाउँपालिकामा भएका स्वास्थ्य चौकीहरुमा रिक्त रहेका २ वटा कार्यालय सहयोगीहरुको नियुक्तिका लागि नियमानुसार विज्ञापनका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा माण्डवी गाउँपालिकामा आर्थिक सहायता पाउ भनि दिएका निवेदन उपर छलफल गर्दा माण्डवी गाउँपालिकाले तयार गरेको माण्डवी गाउँपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७६ अनुसार तपशिल बमोजिमको व्यक्तिहरुलाई उल्लेखित रकम उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

| क्र.स | नाम थर | ठेगाना | रकम | रोगको किसिम |
|---|---|---|---|---|
| १. | सुनिता घर्ति | माण्डवी-१ तिराम | ५०००।- | मुटुरोग |
| २. | नर बहादुर घर्ति | माण्डवी-१ तिराम | ७०००।- | मुटुरोग |
| ३. | गुमान सिंह हौंजाली | माण्डवी-१ तिराम | ७०००।- | मुटुरोग |
| ४. | बसन्ता घर्ति | माण्डवी-१ तिराम | ७०००।- | मुटुरोग |
| ५. | गोर्कण बहादुर थापा | माण्डवी-१ तिराम | १२,०००।- | पक्षघात |
| ६. | किरि कुमारि बुढा | माण्डवी-१ तिराम | ६०००।- | कलेजोको दिर्घरोग |
| ७. | सौरी देवि दमाई | माण्डवी-१ तिराम | १०,०००।- | मुटुरोग |
| ८. | चन्द्र बहादुर पुन मगर | माण्डवी-१ तिराम | १२,०००।- | पक्षघात |
| ९. | यम बहादुर पुन | माण्डवी-२ मर्कावाङ | १२,०००।- | पक्षघात |
| १० | यमा कुमारी खत्री | माण्डवी-२ मर्कावाङ | १०,०००।- | मुटुरोग |
| ११. | मुक बहादुर खत्री | माण्डवी-३ नयाँगाउँ | ६०००।- | टाउकोको दिर्घ विरामी |
| १२. | कविर नेपाली | माण्डवी-३ नयाँगाउँ | ८०००।- | ट्युमर |
| १३. | कौशला पुन | माण्डवी-३ नयाँगाउँ | ८०००।- | क्यान्सर |
| १४. | चन्द्र बहादुर पुन | माण्डवी - ४ उदयपपुरकोट | ५०००।- | एम्बुलेन्स भाडा |
| १५. | फुर्सिदेवि थपिनी | माण्डवी-५ रम्दी | १०,०००।- | क्यान्सर |
| १६. | हेमा देवि रोका | माण्डवी-५ रम्दी | ७०००।- | मुटुरोग |
| १७. | बाल कृष्ण के.सी | माण्डवी-५ रम्दी | १२,०००।- | जन्मजात विकृति |
| १८. | जानकी देवि पुन | माण्डवी-५ रम्दी | ७०००।- | पक्षघात |
| १९. | पुर्ण बहादुर गाहा | माण्डवी-५ रम्दी | ८०००।- | पक्षघात |
| २०. | रण बहादुर थापा मगर | माण्डवी-५ रम्दी | १०,०००।- | क्यान्सर |
| २१. | मृतक सुन्तली देवि साही | माण्डवी-५ रम्दी | १०,०००।- | कलेजोको दिर्घरोग |

माण्डवी गाउँपालिकाको कार्यालय
जस्पुर, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा माण्डवी गाउँपालिका अन्तर्गत विपदमा परेका व्यक्तिहरुलाई राहत, उद्दार तथा पुनर्स्थापनका गर्नका लागि माण्डवी गाउँपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७६ अनुसार आर्थिक सहायता पाउन रित पूर्वक पर्न आएका तपशिल बमोजिमका व्यक्तिहरुलाई उल्लेखित रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| क्र.स. | नाम थर | ठेगाना | सहायता रकम | बिपद किसिम |
|---|---|---|---|---|
| १. | तुल बहादुर थापा मगर | माण्डवी-४ | ६०००।- | बिजुलि सर्ट भई घरगोठ क्षेती भएको |
| २. | पदम बहादुर पुन | माण्डवी-२ | ५०००।- | वर्षाको कारण घरमा क्षति |
| ३. | धन बहादुर नेपाली | माण्डवी-१ | ६०००।- | गोठ आगजनी भएको |
| ४. | जिबलाल क्षेत्री | माण्डवी-२ | ३०००।- | चट्याङ्ग लागेर पशुपंक्षी मरेको |
| ५. | होम लाल घर्ति | माण्डवी-२ | ६०००।- | वर्षाको कारण बन्दै गरेको घरमा पुर्ण रुपमा क्षेती भएको |

१०/०९/
.................
प्रमाणित गर्ने
शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत